पान नं. २०१२७१५६२

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा

फोन नं. ०२३-४५२०५३

प.सं. ०८०।८१ (योजना शाखा)

## डिभिजन वन कार्यालय, झापाको जडीबुटी विकास कार्यक्रम/रवर खेती प्रवर्द्धन/वनमा आधारित उद्यमशिलता अभिवृद्दि/लाहा खेती विस्तार/अगरउड खेती व्यवस्थापन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।११।२९ गते)

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय, झापाको आ.व. ०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक समुदायमा आधारित वन समूहहरु/कृषक/कृषक समूह/सहकारी/ वन उद्यमी/ जडीबुटी उद्यमीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र कार्यालय समय भित्र तोकिएको ढाँचा अनुसारको प्रस्ताव पेश गर्नु हुन अनुरोध गरिन्छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सवैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सवैमा अनुरोध गरिन्छ ।

<u>तपसिल</u>

| क.सं. | कार्यक्रमको नाम | बजेट रु (लाखमा) | छनौट गरिएका पकेट क्षेत्रहरु | प्राथमिकता प्राप्त जडीबुटीहरु | प्रस्ताव पेश गर्नका लागि योग्य साझेदारहरु | न्यूनतम साझेदारी/लगानी |
|---|---|---|---|---|---|---|
| १ | रवर खेती प्रवर्द्धन तथा विकास | रु आठ लाख वरावरको Bud patching बाट उत्पादित गुणस्तरिय रवरका विरुवाहरु उपलब्ध गराइने । | | | समुदायमा आधारित वन समूहहरु | २० प्रतिशत |
| २ | प्राकृतिक रुपमा रहेका जडिवुटी संरक्षण तथा व्यवस्थापन | ४.०० | | हर्रो, बर्रो, अमला, पिप्ला, पचौली, लेमनग्रास, पामारोजा, सतावरी, तुलसी, अश्वगन्धा | समुदायमा आधारित वन समूहहरु | २० प्रतिशत |

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा
फोन नं. ०२३-४५२०५३

प.सं. ०८०।८१ (योजना शाखा)

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार | ५.०० | गौरादह, भद्रपुर, अर्जनुधारा, मेचीनगर, हल्दिबारी, विर्तामोड, दमक | पामारोजा, पचौली, लेमनग्रास, सतावरी, तुलसी, अश्वगन्धा | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी/कृषक | २० प्रतिशत |
| ४ | जडीबुटी तथा गैहकाष्ठ वन पैदावार प्रशोधनका लागि सामाग्री खरिद र व्यवस्थापन | ५.०० | | | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | २० प्रतिशत |
| ५ | सामुदायिक वनमा उद्यमशिलता अभिवृद्दि | ५.०० | | | सा.व.उ.स. | २० प्रतिशत |
| ६ | युवा उद्यम विकास कार्यक्रम (वन पैदावारमा आधारित) | ५.०० | | | विदेशबाट फर्किएका र स्वदेश मै वन तथा गैहकाष्ठ वन पैदावारमा आधारित उद्यम विकास गर्ने चाहना भएका युवाहरु | २० प्रतिशत |
| ७ | वनजन्य उद्यम विकास सहयोग | ५.०० | | | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | २० प्रतिशत |
| ८ | लाहा खेती विस्तार | लाहा खेतीको लागि Host Plant (कुसुम, बयर, सेमियलता) को विरुवा उपलब्ध गराइने । | | | सा.व.उ.स./सहकारी/कृषक समूह/वन उद्यमी/कृषक | २० प्रतिशत |
| ९ | अगरउड खेती व्यवस्थापन | ५.०० | | अगरउड | कृषक समूह/वन उद्यमी/ जडीबुटी उद्यमी | २० प्रतिशत |

प्रदेश सरकार
कोशी प्रदेश
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, झापा
भद्रपुर, झापा

फोन नं. ०२३-४५२०५३

प.सं. ०८०।८१ (योजना शाखा)

## संलग्न गर्नुपर्ने कागजातहरु तथा शर्तहरु

१. डिभिजन वन कार्यालय, झापाबाट तोकिएको ढाँचाको प्रस्ताव पत्र,
२. प्रस्तावकको निवेदन/समूहको पत्र,
३. निजीको हकमा नागरिकताको प्रतिलिपि, जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद,
४. संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र/नविकरण प्रतिलिपि, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, कार्य समिति/बोर्डको निर्णय,
५. सा.व.उ.स.को हकमा समूह/समितिको निर्णय प्रतिलिपि, स्थायी लेखा नम्वर, समूहको बार्षिक प्रतिवेदन, आ.व.०७९/०८० को लेखापरीक्षण प्रतिवेदन,
६. लागत साझेदारी प्रतिवद्दता पत्र,
७. सम्वन्धित स्थानिय तहको सिफारिस,
८. सम्वन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस,
९. विषयगत प्राविधिकबाट तयार गरिएको लागत अनुमान र डिजाइन
१०. समान प्रकृतिका अनुदान नलिएको स्वघोषणा पत्र,

- एक प्रस्तावकको एक भन्दा बढी कार्यक्रमको लागि पेश गरिएको प्रस्ताव मान्य हुने छैन ।
- लाहा खेती विस्तारको हकमा ब्लक खेती गर्ने प्रस्तावलाई प्राथमिकता दिइनेछ ।
- लागत साझेदारी प्रतिवद्धता पत्र, समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र र प्रस्तावको ढाँचा यस कार्यालयको Web site dfojhapa.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।
- प्रस्ताव पेश गर्ने समय सिमाः- २०८० साल चैत्र १९ गते कार्यालय समय भित्र (सो दिन विदा भएमा विदा पछि लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र)
- थप जानकारीको लागि यस कार्यालयको सूचना अधिकारीको मोवाइल नं. ९८५२६५६१९० मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

इति संवत २०८० साल फागुन महिना २९ गते रोज ३ मा शुभम् ।